
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २८३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ कार्तिक १४ गते बुधबार ❑ 30 Oct. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## प्लाष्टिकजन्य माला, फूल गुच्छा बिक्री गर्ने पसलमा महानगरको अनुगमन

**पोखरापत्र संवाददाता**
पोखरा, १३ कार्तिक

पोखरा महानगरपालिकाले प्लाष्टिकजन्य माला, फूल गुच्छाको उत्पादन आयात र बिक्री वितरणमा रोक लगाएको छ।

महानगरपालिका उपभोक्ता हित संरक्षण समितिको नेतृत्वमा पोखराका प्लाष्टिकजन्य फुलका माला र फूलका गुच्छा बिक्री गर्ने ८ वटा पसलहरुमा अनुगमन गरेको हो । नेपाल सरकार वन तथा वातावरण मन्त्रालय अर्न्तगत वातावरण विभागले प्लाष्टिकजन्य फूलगुच्छाको उत्पादन आयात, बिक्री वितरण वा भण्डारण गर्न प्रतिबन्ध गरेको छ । वि.स. २०७९ साउन १२ गतेबाट राजपत्रमा सूचना प्रकाशन गरी सोही मितिदेखि प्लाष्टिकजन्य फूलगुच्छाको उत्पादन, आयात र बिक्री वितरणमा पूर्णरुपमा रोक लगाउने निर्णय गरेको थियो । सोही निर्णयलाई कार्यान्वयन गर्दै पोखरा महानगरले विगत तीन वर्षदेखि पोखरामा प्लाष्टिकजन्य फूलगुच्छा,माला बिक्री वितरणमा रोक लगाएको छ । महानगरले प्रतिबन्धित प्लाष्टिकजन्य सामग्री बिक्री गर्ने पसलहरुमा अनुगमन गरेको हो। नेपालीहरुको दोश्रो ठूलो चाड



तिहारमा प्लाष्टिकका फूल र माला बढि आयात हुने र बिक्री वितरण हुने भएकाले अनुगमन गरिएको पोखरा महानगरपालिका सहकारी तथा उद्योग शाखा प्रमुख एवं अनुगमन समितिका सदस्यसचिव अनिल कार्कीले जानकारी दिए । अनुगमनका क्रममा ८ पसलबाट ३० हजार मुल्य बराबरको प्लाष्टिकजन्य फुलका गुच्छा र माला जफत गरिएको छ भने संचालकहरुलाई एक साताभित्र पोखरा महानगरमा उपस्थित हुन निर्देशन दिइएको छ। पोखरा वडा नम्वर ९ मा रहेको पुष्पराज प्लावर एण्ड ब्याडिङ्ग सप, सृष्टि फलावर, गढीमाई टेण्ट हाउस, पोखरा ४ मा रहेको एनएस फोटो फ्रेम एण्ड गिफ्ट कलेक्सन, गणेश पुजा सामग्री भण्डार, महाकाली पूजा सामग्री भण्डार र पोखरा ८ को एभरग्रिन फलावर सपमा अनुगमन गरिएको सहकारी उद्योग शाखाका अधिकृत ऋषिराम सापकोटाले जानकारी दिए । प्लाष्टिकजन्य फूलका माला बिक्री वितरणमा गरिएको अनुगमन प्रभावकारी देखिएको पोखरा महानगर आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाले बताए। उनले लगातर तेश्रो वर्षपनि अनुगमन गर्दा विगतमा जस्तो प्लाष्टिका फूल र माला कम भएको बताउदै अनुगमन प्रभावकारी देखिएको बताए । उनले नेपाल सरकारले प्रतिबन्ध लगाएपछि पोखरामा पूर्ण रुपमा रोक लगाइएको र अनुगमनले ब्यवसायीहरुपनि सचेत भएकाले प्लाष्टिकजन्य पुष्पगुच्छा र माला आयातमा कमी आएको बताए।

वातावरण संरक्षण ऐनको तफा २२ को उपदफा (४) को खण्ड (क) वा (ख) बमोजिम वातावरण निरीक्षकबाट रु १५ हजारदेखि २० हजारसम्म जरिवाना हुने र सोही ऐनको दफा ४१ को उपदफा (२) बमोजिम विभागका महानिर्देशकबाट १ लाखसम्म जरिवाना हुन सक्ने व्यवस्था ऐनमा रहेको छ। महानगरले गत वर्ष १ लाख ९ हजार ९ सय १० रुपैयाँ बराबरको फूलका माला जफत गरिएको सहकारी उद्योग शाखाका अधिकृत ऋषिराम सापकोटाले जानकारी दिए।

अनुगमनमा पोखरा महानगर आर्थिक विकास महाशाखा प्रमुख मनोहर कडरिया, महानगरका प्रशासन महाशाखा प्रमुख कृष्णप्रसाद तिवारी, पोखरा महानगर सहकारी तथा उद्योग शाखा प्रमुख अनिल कार्की, सहकारी तथा उद्योग शाखा अधिकृत ऋषिराम सापकोटा, सहकारी तथा उद्योग शाखाका राजु सुवेदी, राष्ट्रिय उपभोक्ता मञ्च पोखरा महानगरस्तरीय समितिका उपाध्यक्ष हुमनाथ अधिकारी, पत्रकार र नगर प्रहरीको सहभागीता रहेको थियो।



वडा ११ र १३ मा संरक्षण कार्य योजना सुरुः जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, कास्कीको आयोजना एवम् वडा नं ११ र १३ को समन्वय तथा सहजीकरणमा काहुँखोला नियन्त्रण कार्य, पोखरा ११, १३ र सिलाथान घट्टेखोला संरक्षण कार्य योजनाको मंगलवार गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्र राज पाण्डेले शिलान्यास गर्नुभयो। वडा नं १३ का वडा अध्यक्ष किरण वरालको अध्यक्षतामा कार्यक्रम भएको थियो।

## कोरला नाकामा अध्यागमन कार्यालय स्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, १३ कार्तिक

चीनसँग सीमा जोडिएको माथिल्लो मुस्ताङको लोमान्थाङस्थित कोरला नाकामा अध्यागमन कार्यालय स्थापना गरिएको छ।

जिल्ला प्रशासन कार्यालय मुस्ताङका अनुसार केही दिनमै अध्यागमन कार्यालयको औपचारिक उद्घाटन गर्ने तयारी छ । सहायक प्रमुख जिल्ला अधिकारी रामप्रसाद सुवेदीका अनुसार कार्यालय उद्घाटनको सम्पूर्ण तयारी पूरा भएको छ। उक्त कार्यालय सञ्चालनमा आएपछि आवश्यक वस्तु आयात र निर्यात दुवै सहज हुने उहाँले बताउनुभयो।

विशेषगरी भेडा च्याङ्ग्रा आयात निर्यातमा सहज हुनुका साथै नाकामा आवतजावत तथा व्यापारिक कारोबार सजिलो हुने आशा गरिएको छ। अध्यागमन कार्यालय स्थापना भएपछि भिसा लगाएर नाका वारपार गर्न सकिने सहायक प्रजिअ सुवेदीको भनाइ छ । "हाल मुस्ताङवासी मात्र नाका प्रवेश अनुमतिपत्र लिएर आवतजावत गर्ने गरेका छन्।

अध्यागमन कार्यालय सञ्चालनमा आएपछि सबै नेपाली भिसा लगाएर नाका वारपार गर्न पाउने छन्। चिनियाँ पर्यटक पनि भिसा लगाएर यही नाका हुँदै मुस्ताङ आउन पाउनेछन्", उहाँले भन्नुभयो।

उहाँकाअनुसार अध्यागमन र सुरक्षा पोष्ट रहने भवनमा विद्युतीकरण गरिएको छ भने नेपाल टेलिकमको इन्टरनेटसहित मोबाइल फोन सञ्चालनमा ल्याइएको छ । चिनियाँ भन्सारको आमनेसामने पारेर १० कोठे अध्यागमन तथा सुरक्षा पोष्टको भवन बनाइएको छ।

आवश्यक पूर्वाधार निर्माण गरी कोरला नाकाबाट एकीकृत सेवा दिने तयारी गरिएको छ। नेचुङ भन्सार कार्यालयलाई पनि अध्यागमन कार्यालयसँगै राख्ने तयारी भएको सुवेदीले जानकारी दिनुभयो।

## अपाङ्ग मैत्री कानून निर्माणमा प्रदेश सरकार प्रतिबद्ध : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, १३ कार्तिक

गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले अपाङ्ग मैत्री कानून निर्माणमा प्रदेश सरकार प्रतिबद्ध भएको बताएका छन्।

स्वालम्बन जीवन पद्धति केन्द्र पोखराले आयोजना गरेको अपाङ्गता अधिकार ऐन तर्जुमाको लागि अपाङ्गता अधिकारकर्मी नेतृत्वको वकालत परियोजना अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुको लागि भौतिक पूर्वाधार, संचार र यातायातमा पहुँच सम्बन्धि अन्तरक्रिया कार्यक्रममा उनले प्रदेश सरकार अपाङ्ग मैत्री बन्दै आएको बताए । उनले अपाङ्गताको क्षेत्रमा काम गर्ने संघसंस्था सँग



मिलेर प्रदेश सरकार अगाडि बढ्ने उल्लेख गरे।

प्रदेशमा बन्ने संरचनाहरु अपाङ्ग मैत्री बनाउन पहलकदमी गरिने भनाई उनको छ। मन्त्री थापाले अपाङ्गताको क्षेत्रमा देखिएका समस्यालाई समाधान गर्दै ऐनमा नै सहज वातावरण मिलाउने व्यवस्था गर्ने गरी प्रदेश सरकारले काम गर्ने प्रतिबद्धता व्यक्त गरे । सार्वजनिक स्थान, यातायात र अन्य क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरुले सहजै काम गर्न सक्ने गरि व्यवस्था गरिने उनले बताए।

समानुभूति, समझदारी र समावेशी दृष्टिकोण निर्माण गरि अगाडि बढ्ने भनाई उनको छ। गण्डकी प्रदेश सभा सदस्य तथा नेकपा एमालेकी सचेतक देवका पहारीले सामाजिक क्षेत्रका हरेक विषयमा अपाङ्गतामैत्री वातावरण बनाउन आवश्यक रहेको उल्लेख गरिन्। कार्यक्रममा गण्डकी प्रदेश सभा सदस्य कुशुमबुढा मगर, राष्ट्रिय मानव अधिकार आयोगका प्रदेश प्रमुख नितु गर्तौला, इन्सेक गण्डकी प्रदेश संयोजक शिव खकुरेल, सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालयका महिला तथा सामाजिक शाखा प्रमुख मुना अधिकारीले बालेका थिए। स्वालम्बन जीवनपद्धति केन्द्रका अध्यक्ष हेमबहादुर गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन महासचिव अन्जना केसीले गरेकी थिइन्। कार्यक्रममा अपाङ्गता भएका व्यक्ति र परिवारले भोग्नुपरेको समस्याका विषयमा जानकारी गराइएको थियो।

## विपद्मा परेकाहरूलाई सहयोग गर्नेहरूको पार्टीले उच्च मूल्याङ्कन गर्नेछ: सभापति देउवा

**रासस**
काठमाडौं, १३ कार्तिक

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले विपद्मा परेकालाई सहयोग गर्नेहरूको पार्टीले उच्च मूल्याङ्कन गर्ने बताउनुभएको छ।

नेपाली कांग्रेस ललितपुरको समन्वय र सहजीकरणमा 'सुखदुःखमा कांग्रेस, सहयात्राको सन्देश' भन्ने नारासहित आज ललितपुरमा आयोजित राहत सहयोग वितरण कार्यक्रममा उहाँले विपद्का समयमा भाषण गर्नेभन्दा पनि पीडितहरूलाई सहयोग र समस्या समाधान गर्न लाग्नुपर्नेमा जोड दिनुभयो । सभापति देउवाले भन्नुभयो,"देशभर विपद्का कारण धेरै नोक्सानी भएको छ, कैयौँले ज्यान गुमाएका छन्, यस्तो अवस्थामा सबै मृतकका परिवारजनप्रति समवेदना प्रकट गर्न चाहन्छु। साथै विपद्का समयमा उद्धार र राहत सामग्री वितरणमा महत्वपूर्ण भूमिका खेल्ने सबैलाई पार्टीको तर्फबाट धन्यवाद दिन चाहन्छु।" उहाँले पार्टीका नेता, कार्यकर्ताका साथै कांग्रेसबाट निर्वाचित जनप्रतिनिधिलाई निरन्तर राहत र पुनःस्थापनाका लागि खटिन आग्रह गर्नुभयो । पूर्वमन्त्री एवं कांग्रेसका केन्द्रीय सदस्य मोहनबहादुर बस्नेतले बाढीपहिरा तथा विपद्का समयमा सहयोग गर्नु आफूलगायत हरेक व्यक्तिको दायित्व भएको बताउनुभयो। कांग्रेस ललितपुरका सभापति जीतेन्द्रकुमार श्रेष्ठले विपद्मा परेका नागरिकलाई मानवीय र भौतिक सहयोग उपलब्ध गराउन पार्टी र पार्टीबाट निर्वाचित जनप्रतिनिधिले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभयो। उहाँले पार्टीका तर्फबाट बाढीपहिरो पीडितका लागि सङ्कलन गरेको रु दुई लाख २७ हजार पाँच सय पाँच बागमती गाउँपालिका आश्राङमा बाढीले घर बगाएका पीडित परिवारलाई प्रदान गरिएको जानकारी दिनुभयो। कार्यक्रममा बाढीपहिरोबाट मृत्यु भएका ४६ र बेपत्ता पाँच गरी ५१ जनाका परिवारलाई नगद रु २५ हजारका दरले राहत रकम वितरण गरिएको थियो।




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नमूना पशुपक्षी अस्पताल कास्कीमा सञ्चालन

**पोखरापत्र संवाददाता**
पोखरा, १३ कार्तिक

कास्कीको पोखरा महानगरपालिका-१२ माटेपानीमा रहेको नमूना पशुपक्षी अस्पतालले गत साउनयता नयाँ सुविधायुक्त भवनबाट सेवा सञ्चालन गरिरहेको छ। सँगै निर्माण सुरु गरिएको तनहुँको नमूना पशुपक्षी अस्पताल भवन भने निर्माण कम्पनीको ढिलासुस्तीका कारण अधुरै छ।

दुवै अस्पतालमा प्रदेश सरकारको लगानी छ । यसअघि रहेका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई सेवा सुविधा र पूर्वाधार विस्तार गरी नमूना पशुपक्षी अस्पताल बनाउन लागिएको हो । कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयलको पशुपक्षी विकास महाशाखाका वरिष्ठ पशु विकास अधिकृत डा शोभा शर्माले कास्कीको अस्पतालबाट पशुपक्षीको उपचारमास्तरीय सेवा दिन सुरु गरिएको जानकारी दिनुभयो। "कास्कीमा नयाँ भवनबाट नमूना अस्पताल सञ्चालनमा आइसकेको छ, केही जनशक्ति र उपकरण थप्नुपर्ने अवस्था छ", उहाँले भन्नुभयो, "तनहुँमा भने अस्पताल भवन निर्माणाधीन अवस्थामा छ, निर्माण कम्पनीको ढिलाइले समयमा भवन बन्न सकेन ।" भवन निर्माणलाई पूर्णता दिएर चालु आवभित्रैमा उक्त अस्पताल सञ्चालनमा ल्याउने योजना रहेको डा शर्माले बताउनुभयो । समयमा काम नसकिएपछि ठेक्काको म्याद थप गरिएको उहाँको भनाइ छ। उहाँले प्रदेश सरकारसँग भएको सीमित स्रोतसाधनका बाबजुद कास्कीमा बनेको नमूना पशुपक्षी अस्पतालले किसानलाई प्रत्यक्ष लाभ मिलेको बताउनुभयो । उक्त अस्पतालका लागि थप प्राविधिक जनशक्ति र उपकरणको प्रबन्धका लागि मन्त्रालयबाट पहल भइरहेको उहाँले जानकारी दिनुभयो । अस्पतालले पशुपंक्षीमा लाग्ने रोगको निदान र उपचारका लागि आधुनिक पूर्वाधारसहितको सेवा दिइरहेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्दका प्रमुख शम्भुराज पाण्डेले बताउनुभयो । "पशुपक्षीको एक्सरे, भिडियो एक्सरे, शल्यक्रिया, दूध परीक्षणलगायत सेवा प्रदान गर्दै आएका छौँ", उहाँले भन्नुभयो, "जनशक्ति व्यवस्थापनलाई अझ थुस्त बनाउनुपर्ने खाँचो छ।"

नमूना अस्पताल बनेपछि पशुपक्षीमा देखिने जटिल प्रकृतिका रोगको निदान र उपचारका लागि बाहिर जानुपर्ने अवस्थाको अन्त्य भएको प्रमुख पाण्डेले बताउनुभयो। "अत्याधुनिक प्रविधि र उपकरण नहुँदा कुनै बेला अनुमानका भरमा पनि उपचार गर्नुपर्ने अवस्था थियो, अब पशुपक्षीको उपचार पद्दतिमा पनि गुणात्मक परिवर्तन ल्याउने गरी अस्पतालको पूर्वाधार तयार भएको छ", उहाँले भन्नुभयो, "पशुपक्षीमा बेलाबेला फैलने गरेको महामारीजन्य रोगको उपचार, नियन्त्रण र रोकथामका लागि पनि यो अस्पतालबाट ठूलो टेवा पुग्छ ।" मन्त्रालयका अनुसार कास्कीमा बनेको अस्पतालको लागत रु पाँच करोड ५४ लाख ४८ हजार र तनहुँको रु पाँच करोड ५४ लाख ६५ हजार रहेको छ।

कास्कीको अस्पतालबाट स्याङ्जा, लमजुङ, बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङका किसान लाभान्वित भइरहेको मन्त्रालयले जनाएको छ । तनहुँमा बन्न लागेको उक्त अस्पतालबाट गोरखा, लमजुङ, नवलपुरलगायत क्षेत्रका किसानले लाभ पाउने डा शर्माले बताउनुभयो।

प्रदेशका ११ वटै जिल्लामा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द सञ्चालनमा रहे पनि कास्की र तनुहँमा नमूना अस्पतालका रूपमा सञ्चालन गर्ने योजना प्रदेश सरकारले ल्याएको हो।

# टि.टि. ग्लोबलको इ.भि.कार्निभल पोखरामा सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १३ कार्तिक




पर्यटकीय नगरी पोखरामा नेटा, दायुन, रिडारा र अवतार प्यासेन्सर कारका आधिकारिक वितरक, सि.जी. मोटर्सकों पोखराका लागि आधिकारिक विक्रेता टि.टि. ग्लोबलले धनतेरसको अवसर पारेर धनतेरम इ.भि. कार्निभल आयोजना गरेको छ।

मंगलबार बिहानैदेखि पोखराको न्युरोडमा रहेको सीटी स्क्वायर बैइवेट एण्ड रेष्टुरेन्टमा उक्त कार्निभल सुरु भएको टि टि ग्लोबल प्रा लि का संचालक (निर्देशक) प्रमेश पराजुलीले बताउनु भयो । उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले अन्य अतिथिको सहभागितामा उक्त कार्यक्रमको शुभारम्भ गर्नु भएको हो। इच्छुक ग्राहकहरुले धनतेरस इ.भि. कार्निभलमा रिडारा, दायुन, नेटा एक्स, नेटा मि, र अबतार ११ को खरिदमा विशेष अफरहरुको लाभ उठाउन निर्देशक पराजुलीले बताउनु भयो । इक्छुक ग्राहकहरुले उक्त कार्निभल मार्फत गाडीको खरिदमा आकर्षक एक्सचेन्ज बोनस, आकर्षक नगद छुट, १ वर्षको निशुल्क बिमा, चालु आर्थिक वर्षको निशुल्क कर, ६.६ किलोवाटको फास्ट चार्जर र स्पेर टायर निशुल्क प्राप्त गर्न सक्नुहुने कम्पनीले जनाएको छ।

एकै ठाउँ बाट ग्राहकहरुले सि जी मोटर्सका प्यासेन्जर गाडीहरुको टेष्ट ड्राईभ गरी गाडीको वारेमा बुझ्न र अनुभब गर्न पाउनु हुने भएको निर्देशक पराजुलीले बताउनुभयो । साथै ग्राहकहरुको सुविधालाई मध्यनजर गरी एकै ठाउँबाट सम्पूर्ण सुबिधाहरु दिनका लागिएको उहाँले जनाउनु भयो। ८० प्रतिशतसम्म बैंकिङ फाइनान्सको व्यबस्था गरिएको कम्पनीले जनाएको छ। पहिलो चरणमा नेपाल एसबीआई बैंकले यसमा फाइनान्स गर्ने भएको हो।

विभिन्न गाडीहरुको मुल्य भने ३१ लख देखि १ करोड ६० लाख मुल्य बराबरको रहेको निर्देशक पराजुलीले बताउनु भयो । ग्राहकहरुको चहाना अनुसारका सिटिकार, एसयूभि, पिकअफ लगायतका गाडीहरु उपलब्ध भएको कम्पनीले दाबी गरेको छ। साथै पहिलो पटक पोखरामा दायुन गाडीको विशेष समारोह बिच अनावरण समेत गरिएको थियो।

# तीन हजार एकसय ७५ गुम्बालाई मान्यता प्रदान

**रासस**
काठमाडौं, १३ कार्तिक

बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिले तीन हजार एकसय ७५ गुम्बालाई मान्यता दिएको छ।

देशभर सार्वजनिक गुम्बा तीन हजार ७० र निजी एकसय पाँच गुम्बा दर्ता गरेको समितिले पुराना ऐतिहासिक, पुरातात्विक महत्वका आधारमा गुम्बालाई मान्यता दिएको हो।

लामा धर्म गुरुको बौद्ध दर्शन सम्बन्धि अध्ययन तथा विकासका लागि कार्यक्रम सञ्चालन गर्दै आइरहेको कार्यकारी निर्देशक होमबहादुर दोङ्गले जानकारी दिनुभयो । उहाँका अनुसार बौद्ध गुम्बा तथा विहारहरूको संरक्षण, संवर्द्धन, तथा बौद्ध दर्शनको अध्ययन र विकास गर्न स्थापित समितिले पञ्च वर्षीय रणनीतिक योजना-२०७१ समेत तयार गरी त्यसका आधारमा भौतिक रुपले जीर्ण गुम्बाको जीर्णोद्धार गरी राष्ट्रको अमूल्य सम्पत्तिको संरक्षण गरिएको छ । समितिले बौद्ध दर्शनको संरक्षण, प्रवर्द्धन तथा नेपालमा रहेका गुम्बा, विहार, वहा, वहीलगायत बौद्ध सम्पदाको संरक्षण गर्दै तीनको व्यवस्थित सञ्चालनका लागि देशमा रहेका गुम्बा तथा बहाः बहीको दर्ता गर्दै आइरहेको छ।

बौद्ध दर्शनको संरक्षण, विकास र बौद्ध धर्म संस्कृतिको संवर्द्धन गर्नका लागि स्थापना गरिएका गुम्बा तथा विहारको संरक्षण संवर्द्धन तथा बुद्धको शान्तिका सन्देशलाई मानवहितका लागि उपयोग गर्ने नीति समितिले लिएको छ। बौद्ध दर्शन, धर्म, संस्कृति, कला तथा भाषाको संरक्षण र देशमा भएका गुम्बा, बिहार तथा लामा, भिक्षु, भिक्षुणीहरूलाई आत्म निर्भर बनाउनका लागि विभिन्न प्रकारका सीपमूलक तालिम पनि यस समितिले सञ्चालन गरेको जनाएको छ। समितिको तथ्याङ्कअनुसार भूकम्पबाट देशभरका एक हजार तीन सय १८ गुम्बा क्षतिग्रस्त भएका छन् । जसमध्ये एक हजार एक सय ३१ गुम्बा अनुदानको व्यवस्था गरिएको थियो । भूकम्पबाट प्रभावित गुम्बा तथा बिहारको संरक्षण, जीर्णोद्वारतथापुनः निर्माणसम्बन्धी राष्ट्रिय पुनःनिर्माण प्राधिकरणसँग समन्वयमा समितिले क्षतिग्रस्त करिब एक हजार एक सय गुम्बा तथा बिहार पुनःनिर्माण गरेको जनाएको छ । एकसय वर्ष पुगेका सम्पदा पुनःनिर्माणका लागि प्राचीन स्मारक संरक्षण ऐन २०१३ अनुसार पुरातत्व विभागले पुनःनिर्माण गर्ने प्रावधान छ।

समितिको तथ्याङ्कअनुसार अनुदान पाउने गुम्बाको सूचीमा सबैभन्दा बढी सिन्धुपाल्चोकका एक सय ५४ वटा थिए । त्यस्तै, गोरखाका ७९, रामेछापका ६३, धादिङका ६८, काभ्रेपलाञ्चोकका ८१, रसुवाका ४५, मकवानपुरका ८०, नुवाकोटका ९५, दोलखाका ७५, ओखलढुङ्गाका १७, सिन्धुलीका ३९, चितवनका ३९, नवलपरासीका ९, कास्कीका ५, बाग्लुङको १, तनहुँका १४, खोटाङका १३, भोजपुरका १७, धनकुटाका ६, सोलुखुम्बुका ४९, लमजुङका १४, संखुवासभाका ११, काठमाडौँका १४, ललितपुरका ११ र भक्तपुरका २ गुम्बा/बिहार अनुदानको सूचिमा राखिएको थियो।


## निर्वाचन कार्यक्रम सम्बन्धी सूचना

### नवौं वार्षिक साधारण सभा -२०८१ कार्तिक २२ र २४ गते

**जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड** पोखरा-११, कास्कीको सञ्चालक समितिको अध्यक्ष १ जना, उपाध्यक्ष १ जना, सचिव १ जना, कोषाध्यक्ष १ जना, सञ्चालकहरु ५ जना, लेखा सुपरिवेक्षण समिति संयोजक १ जना, सदस्यहरु २ जना (दुबै समितिमा गरि ३३ प्रतिशत महिला सहभागितालाई प्राथमिकता दिइनेछ) पदको निर्वाचन कार्यक्रम प्रयोजनका लागि संस्थाको विनियम तथा निर्वाचन कार्यविधि बमोजिम निर्वाचन हुने गरी सबै शेयर सदस्यहरुको लागि यो निर्वाचन कार्यक्रम प्रकाशित गरिएको छ।
निर्वाचन कार्यक्रम

| क्र.स. | कार्यक्रम | मिति | समय |
|---|---|---|---|
| १. | मतदाता प्रकाशन | २०८१/७/२० | ११.३० बजे |
| २. | मतदाता नामावली प्रकाशन उपर दाबी बिरोध, छानबिन तथा अन्तिम मतदाता नामावली प्रकाशन | २०८१/७/२० | १.३० बजे |
| ३. | उम्मेदवारी पत्र वितरण, दर्ता | २०८१/७/२० | २.३० बजे |
| ४. | उम्मेदवारको पहिलो नामावली प्रकाशन | २०८१/७/२० | ३.३० बजे |
| ५. | उम्मेदवारी उपर दाबी विरोध | २०८१/७/२० | ४.०० बजे |
| ६. | विरोध उपर छानबिन, निर्णय र उम्मेदवारी फिर्ता | २०८१/७/२१ | ११.०० बजे |
| ७. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०८१/७/२१ | १२.०० बजे |
| ८. | मतदान तयारी/उम्मेदवारको परिचय/प्रचार प्रसार | २०८१/७/२२,२४ | ११.३० बजे |
| ९. | मतदान | २०८१/७/२२,२४ | १.०० बजेदेखि ३.०० बजे |
| १०. | मतगणना | २०८१/७/२४ | ३.३० बजे |
| ११. | निर्वाचन परिणाम घोषणा/प्रमाण पत्र वितरण | २०८१/७/२४ | ४.३० बजे |
| १२. | शपथ ग्रहण | २०८१/७/२४ | ५.०० बजे |

नोट : उम्मेदवार हुने सदस्यले संस्थाको नियमानुसारको मासिक बचत गरेको हुनुपर्नेछ भने ऋण उपभोग गरेको भए किस्ता व्याज नियमित गरेको हुनु पर्नेछ।

**निर्वाचन सचिवालय**
**लामाचौर सेवाकेन्द्र, पोखरा-१९, लामाचौर**


# साफ फुटबल खेलको टिकट एन्फा आफैँले वितरण गर्ने

**रासस**
काठमाडौं, १३ कार्तिक

अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले महिला साफ च्याम्पियनसिप फुटबल प्रतियोगिताको फाइनल खेलको टिकट बिक्री आफैँले गर्ने भएको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशाला मैदानमा बुधबार साँझ हुने नेपाल र बङ्गलादेशबीचको फाइनल खेलको टिकट एन्फा आफैँले बिक्री गर्ने भएको एन्फाका प्रवक्ता सुरेश शाहले बताउनुभयो। उक्त खेल साँझ ६:३० बजेदेखि सुरु हुनेछ। एन्फाको अनुसार टिकट जावलाखेल खेल मैदान र भद्रकालीस्थित आर्मी हेडक्वाटरको गेट बाहिर गरी दुई ठाउँमा बिक्री गरिनेछ। टिकट बिहान ८ देखि वितरण हुनेछ । एन्फाले साधारणतर्फ ११ हजार र भिआइपीतर्फ एक हजार मात्र टिकट बिक्री गरिने बताइएको छ। साधारण प्याराफिटतर्फ रु पाँच सय र भिआइपी प्याराफिटतर्फ रु एक हजार टिकट दर तोकिएको छ । त्यसैगरी एन्फाले माउण्ट एभरेष्ट स्पोर्टस एण्ड इभेन्ट्स प्रालिसँगको सम्झौता पनि रद्द भएको जानकारी दिएको छ । फाइन खेलमा एन्फाले दशरथ रङ्गशालाभित्र कुनै पनि प्रकारका धारिला हातहतियार, चुरोट, लाइटर, सलाइ, मदिरा र अन्य नशालु पदार्थ, ठूला ब्याग तथा हेल्मेट लान निषेध गरेको छ।

# नेपालमा डेङ्गीका तीन प्रकारका भाइरस सक्रिय

**रासस**
काठमाडौं, १३ कार्तिक

नेपालमा डेङ्गीका तीन प्रकारका भाइरस सक्रिय रहेको पाइएको छ।

डेङ्गीका भाइरसका स्वरुप सेरोटाइप-१, सेरोटाइप-२, सेरोटाइप-३, सक्रिय रहेको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका कीटजन्य रोग शाखाका प्रमुख डा गोकर्णप्रसाद दाहालले जानकारी दिनुभयो । विगत सात वर्षअघि भने सेरोटाइप-१, सेरोटाइप-२, सेरोटाइप-३, सेरोटाइप-४ सक्रिय रहेका थिए । "भाइरसको जीन अध्ययन गर्दा अहिले तीन प्रकारका भाइरसका स्वरुप सक्रिय रहेको पाइएको छ", उहाँले भन्नुभयो । शाखाका प्रमुख डा दाहालका अनुसार कात्तिकसम्म लामखुट्टे सक्रिय हुने भएकाले जोखिम हुने बताउनुभयो। उहाँले कात्तिकपछि जाडो अलि बढ्ने र त्यसपछि डेङ्गी सार्ने लामखुट्टे पनि हराउँदै जाने बताउनुभयो । डेङ्गी सङ्क्रमण हुम्लाबाहेक सबै जिल्लामा देखिएको छ । यस्तै देशभर २७ हजार एक सय ५३ जनामा डेङ्गी सङ्क्रमण देखिएको छ भने सङ्क्रमणको कारणले अहिलेसम्म ११ जनाको निधन भइसकेको छ । सबैभन्दा बढी कास्कीमा सात हजार ८० जनामा डेङ्गी सङ्क्रमण देखिएको छ । पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस्' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुलबाट लार्भा निस्कन्छ र त्यही लार्भा वयस्क भएपछि टोकेपछि डेङ्गु रोग लाग्दछ । उपत्यकामा डेङ्गी सङ्क्रमण पाँच हजार सात सय ४८ जनामा देखिएको छ । काठमाडौँ जिल्लामा चार हजार ६० जना, भक्तपुर छ सय २८ र ललितपुर एक हजार ६० जनामा डेङ्गी सङ्क्रमण देखिएको छ । वर्षाको बेला पानीका सङ्कलन गरेर राख्ने र सङ्कलन गरिएको पानीमा लामखुट्टे रहने र त्यही लामखुट्टेले टोक्ने भएकाले डेङ्गुको सङ्क्रमण बढेको हो।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।
– एल्फेड डे

## सम्पादकीय

# रास्वपाको द्वन्द्व बढाउने व्यवहार

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने सहकारी ठगी प्रकरणमा अनुसन्धानका लागि पक्राउ परेपछि रास्वपा नेताहरुमा छट्पटी बढेको छ । संसदीय छानबिन समितिले रवि लामिछाने लगायतलाई कार्वाही सिफारिस गरेको थियो । गोर्खा मिडियामा अनधिकृत रुपमा सहकारीको रकम आएपछि गोर्खा मिडियाका प्रबन्ध निर्देशक रवि, अध्यक्ष जिवि राई,संचालक छविलाल जोशी लगायतलाई कार्वाही गर्न सिफारिस भएको छाअदालतको आदेशमा पक्राउ परेका रवि लामिछानले अदालतलाई प्रभावित पार्नेगरि आन्दोलन गरिरहेका छन । अदालतमा प्रभावमा राख्ने र आफुलाई स्वच्छ देखाउन दिनहुँजसो आन्दोलन गरिरहेका छन।सडकमा उत्तेजक नारा लगाउने, अशिष्ठ व्यवहार देखाउँदै आएको छ। प्रधानमन्त्रीविरुद्ध मुख छाडेर हिँड्ने, जिउँदोलाई मरेको घोषणा गर्ने र दाहसंस्कार गर्नेजस्तो निकृष्ट व्यवहार देखाएपछि रास्वपाको आलोचना हुनु स्वभाविक हो । प्रधानमन्त्रीको दाहसंस्कारजस्तो अशोभनीय काम गर्नेहरू कुन मुख लिएर बालुवाटार पुगेको भन्दै सामाजिक संजालमा प्रश्न उठाएका छन् । रविलाई बचाइदिनुपर्‍यो भनेर हारगुहार गरे पनि मुद्दा फिर्ता लिन सम्भव नहुने पीडितको भनाइ छ ।

'दिनभरि प्रधानमन्त्रीका विरुद्ध व्यक्तिगत रूपमा गालीगलौज गर्ने, शव बनाएर दाहसंस्कार गर्नेजस्तो अशोभनीय काम गर्ने, नामै लिएर लाञ्छना लगाउने रास्वपाका साथीहरू राति-राति कुन मुख लिएर बालुवाटारमा कुरेर बस्ने 'रविजीलाई बचाइदिनुपर्‍यो, लौ न' भनेर हारगुहार गर्दा हुन् ?,' सामाजिक सञ्जालमा लेखिएको छ। राजनीतिमा धैर्य र इमान चाहिन्छ । जे गर्छ, कानूनले गर्छ । डोलप्रसादजी र सन्तोषले प्रधानमन्त्रीलाई अनुरोध गरेजस्तो मुद्दा फिर्ता सम्भव हुन्न ।' प्रधानमन्त्री मात्रै होइन, रास्वपाको अर्याल खेमाले गृहमन्त्री रमेश लेखकसामु छ । अर्यालले सोमबार गृहमन्त्रालयमै पुगेर लेखकसँग भेट गरेका हुन् । मंगलबार बालुवाटारमा शान्तिपूर्ण प्रदर्शन गर्नेबारेमा कुराकानी गर्न भेट गरेको दाबी अर्यालले गरेका छन् । पोखराको विरोध प्रदर्शनमा संयमित हुन नसकेपछि अर्यालले काठमाडौंमा व्यवस्थित विरोधका कार्यक्रम गर्ने बताएका थिए । ' न्यायिक प्रक्रियामा अगाडि बढेको छ । अहिलेमात्रै होइन, अप्ठ्यारोमा परेपछि रवि स्वयंले आफ्नो मुद्दालाई कमजोर बनाइदिए निःशर्त प्रधानमन्त्री बनाउन सहयोग गर्ने सन्देश कांग्रेस सभापति शेरबहादुर देउवालाई पुर्‍याएको बताइन्छ ।

कारबाही सिफारिस गरेपछि सहकारी प्रकरणमा थप अनुसन्धानका लागि राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने पक्राउ परेको ११ दिन बितेको छ । कास्की जिल्ला अदालतमा २ पटक गरी १३ दिन म्याद लिएर अनुसन्धान चलिरहेको छ । रविमाथि सहकारी ठगी, संगठित अपराध र कीर्तेमा प्रहरीले अनुसन्धान गरिरहेको छ । कास्कीको सूर्यदर्शन सहकारीको पैसा अनधिकृतरूपमा गोरखा मिडियामा आएपछि अपचलन गरेको भन्दै रविमाथि पोखरामा अनुसन्धान भइरहेको छापोखरापछि बुटवलको सुप्रिम सहकारीबाट पनि गोरखा मिडियामा गैरकानूनी रूपले पैसा गएकोमा रविको नाममा पक्राउ पुर्जी जारी भइसकेको छ । गोरखा मिडियाका अर्का सञ्चालक छविलाल जोशी रविभन्दा पनि अगाडि पक्राउ परेका थिए । उनीसँग कास्की हुँदै बुटवलमा पनि बयान भइसकेको छ ।

यी दुई ठाउँमात्रै होइन, वीरगञ्जको सानो पाइला, चितवनको सहारा, काठमाडौंको स्वर्णलक्ष्मीबाट अनधिकृतरूपमा गोर्खा मिडियामा रकम आएको ठहर छानबिन समितिले गरेको छ । यस्तोमा रविले कास्कीमा मात्रै मुद्दा लडेर सुख पाउने स्थिति छैन । उनीमाथिको अनुसन्धान तत्काल सकिने स्थिति छैन । यसैले रास्वपाका संस्थापक नेताहरूमा बेचैनी बढेको बताइन्छ । तर, यस्तो दौडधूप रास्वपाकै उपसभापति डा. स्वर्णिम वाग्ले पक्षले भने गरेको छैन । रास्वपामा वाग्ले मनिष झा, सुमना श्रेष्ठ, विराजभक्त श्रेष्ठसहितका नेता सरकारविरुद्धको प्रदर्शन आक्रामक बनाएपछि कार्यवाहक बनाउनुपर्ने पक्षमा छन् । तर, अर्याल, परियार र विपिन आचार्यहरू अर्को खेमाको प्रतिनिधित्व गर्छन् । आन्दोलन र विरोध प्रदर्शन कडा बनाउनुभन्दा राजनीतिक संवाद गरी केही माहोल बनाएर जानुपर्ने पक्षमा उनीहरू छन् । पछिल्लो समय पार्टीमा प्रस्टै २ खेमा देखिएपछि रविले आफू हिरासतमा भए पनि कुनै पनि नेतालाई कार्यवाहक नदिनु शंकालु स्वभाव हो ।

# पवित्र तीर्थस्थल कागबेनीमा पितृतर्पण गर्नेको घुइँचो

पोखरापत्र संवाददाता
म्याग्दी, १३ कार्तिक

मुस्ताङको बारागुङ मुक्तिक्षेत्र-४ मा अवस्थित पवित्र तीर्थस्थल कागबेनीमा पितृतर्पण गर्नेको घुइँचो लागेको छ । यस वर्षको सोह्रश्राद्धमा देशभर बाढी पहिरोले सडक अवरुद्ध भएपछि कागबेनीमा श्राद्ध गरेर पितृतर्पण गर्न आउन नपाएकाहरु दसैंलगत्तै आउन थालेका हुन् । कागबेनीस्थित कालीगण्डकी नदी किनारको श्राद्धस्थलमा पितृतर्पण गर्नका लागि दैनिक सयौंको सङ्ख्यामा श्रद्धालु भक्तजनको घुइँचो लागेको छ ।

दिवङ्गत पितृका नाममा श्राद्ध तथा पिण्डदान गर्ने र तर्पण दिनका लागि देशका विभिन्न जिल्लाका साथै भारतबाट धार्मिक तीर्थालु कागबेनी आउने गरेका पुजारी हिमाल सुवेदीले बताउनुभयो । उहाँका अनुसार, दैनिक दुई सयभन्दा बढीले दिवङ्गत आफन्तको सम्झनामा कागबेनीमा श्राद्ध गर्ने र तर्पण दिने गरेका छन् । मुक्तिनाथ र दामोदरकुण्डबाट बगेर आउने कालीखोला र मुक्ति गण्डकीको सङ्गम रहेको कागबेनी पितृतर्पणका लागि महत्वपूर्ण तीर्थस्थलका रुपमा मानिन्छ । कागबेनीमा बडादसैं र चैते दसैंको औंशीमा हजारौंको सङ्ख्यामा पितृतर्पण गर्नेहरुको घुइँचो लाग्ने गरेको पुजारी सुवेदीले जानकारी दिनुभयो । यस वर्ष बाढी पहिराका कारण सोह्रश्राद्धको समयमा उल्लेख्यमात्रामा तीर्थयात्री आउन सकेका थिएनन् । "बाढी, पहिरोले सडकमार्ग अस्तव्यस्त बनाएपछि सोह्र श्राद्धमा ठूलो सङ्ख्यामा भक्तजन आउन सकेका थिएनन्, दसैंपछि मौसममा सुधार भएपछि कागबेनीमा तर्पण दिन दिनहुँ भीड लाग्ने गरेको छ", पुजारी सुवेदीले भन्नुभयो । दामोदर कुण्डबाट बगेर आएको काली र मुक्तिनाथका एक सय आठ धाराबाट बगेर आएको गण्डकीको सङ्गम भएकाले यहाँ पुगेर पिण्डदान गर्दा सबैभन्दा ठूलो फल मिल्ने कुरा शास्त्रहरूमा उल्लेख छ । परापूर्वकालमा काग भुसुण्डे ऋषिले हिमाली तालतलैयामा तपस्या गरी कागखोलामा आएर स्नान गरी पितृहरूका नाममा तर्पण र पिण्ड दिएको हुनाले कागबेनीधाममा पितृ उद्धारका लागि श्राद्ध, तर्पण, पिण्ड आदि दिने चलनको सुरुआत भएको धार्मिक मान्यता छ । कागबेनीमा भगवानको दैवीशक्ति प्रकट भएकाले यस स्थानमा आएर पितृको नाममा श्राद्ध ,पिण्ड र तर्पण दिनाले पितृ उद्धार हुने धार्मिक किवंदन्ती रहेको रघुगङ्गा गाउँपालिका-३ मौवाफाँटबाट पितृ तर्पण गर्न पुग्नीभएका शालिकराम रिजालले बताउनुभयो । विश्वमा शालिग्राम शिला पाइने एकमात्रै नदी कालीगण्डकीबाट सङ्कलन भएका शालिग्राम शिलालाई भगवान्‌का रुपमा भक्तजनले लैजाने गरेका छन् । भक्तजनको आगमन बढेसँगै शालीग्राम शिलासँगै पूजा सामग्रीको बिक्री बढेको स्थानीय देवबहादुर थापाले बताउनुभयो । उहाँका अनुसार, शालीग्राम शिलालाई भक्तजनहरुले विष्णु भगवान्‌को अवतारका रुपमा मुस्ताङको चिनोका रुपमा लैजाने गर्छन् ।

कागबेनी धाममा श्राद्ध गर्न आउने तीर्थालुहरू यहाँ पितृ उद्धारका कर्म पूरा गरेपछि मात्र मुक्तिनाथ दर्शन गर्न जान्छन् । भक्तजनको सङ्ख्या बढेसँगै कागबेनी क्षेत्रका होटल भरिभराउ भएका छन भने व्यापार व्यवसायसमेत चलायमान भएको छ । दसैं तिहारको बिदाको समयमा मुस्ताङमा दैनिक करिब पाँच हजार पर्यटक भित्रने गरेका छन् । बेनी-जोमसोम सडक मार्ग र अन्नपूर्ण चक्रीय पदमार्ग हुँदै मुस्ताङ पुग्ने आन्तरिक तथा बाह्य पर्यटकमध्ये अधिकांश कागबेनी र मुक्तिनाथमा पुग्ने गरेका छन् ।

# एकीकृत घुम्ती शिविरबाट आठ हजार नागरिक लाभान्वित

पोखरापत्र संवाददाता
तनहुँ, १३ कार्तिक

यहाँको म्याग्दे गाँउपालिकाले सञ्चालन गरेको एकीकृत घुम्ती शिविरमा आठ हजार बढी नागरिकले सेवा लिएका छन् । गाउँपालिकाले गत असोज ६ देखि यही कात्तिक १२ सम्म सञ्चालन गरेको शिविर सञ्चालन गरेको थियो ।

शिविरमार्फत स्वास्थ्य, कृषि, पशु सेवा, पञ्जीकरण, उद्योग व्यवसाय दर्ता तथा नवीकरण, राजस्व सङ्कलनलगायत सेवा प्रदान गरिएको प्रमुख प्रशासकिय अधिकृत नारायणप्रसाद अधिकारीले बताउनुभयो । पालिकाभित्रका विभिन्न वडाका टोलटोलमा पुगेर सेवा दिएको गाउँपालिकाले जनाएको छ ।

पालिकाको सेवा टोलटोलमा पुर्‍याएर स्थानीय सरकारको आभास दिइएको पालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बताउनुभयो । "नागरिकको आवश्यकताका आधारमा हरेक वर्ष शिविर सञ्चालन गर्दै आएका छौं", श्रेष्ठले भन्नुभयो, "गाउँपालिकाले दिएको सेवाले आमनागरिक लाभान्वित बनुन् ।"

शिविर अन्तर्गत स्तन क्यान्सर, पाठेघरको क्यान्सर, आँखा शिविर पनि सञ्चालन गरिसकेको उहाँले बताउनुभयो ।

जनताको समस्या बुझ्न र समाधानका लागि एकीकृत घुम्ती शिविर फलदायी बनेको गाउँपालिका उपाध्यक्ष बालकृष्ण घिमिरेले बताउनुभयो ।

"जनताको समस्या सुन्न टोल-टोलमा जाने पालिकाको कार्यले जनताप्रति पालिका उत्तरदायी बनेको आभास आम नागरिकले महसुस गर्न थालेका छन्," उहाँले भन्नुभयो ।

# ढोरपाटनको 'भ्यू प्वाइन्ट' जलजला

रासस
म्याग्दी, १३ कार्तिक

घना जङ्गलको शिरमा समथर घाँसेमैदान । पृष्ठभूमिमा हिमालहरूको लामो लर्कन । बिहानीमा सूर्योदय र साँझको सूर्यास्तको मनमोहक दृश्य । शरदयाममा खुलेका आकाश । वन्यजन्तु र पक्षीहरुको आवाज । शान्त र एकान्त वातावरण ।

म्याग्दीको धवलागिरि गाउँपालिका-२ मा रहेको जलजला प्राकृतिक सौन्दर्यले भरिपूर्ण स्थान हो । पूर्वीरुकुम, बागलुङ र म्याग्दी जिल्लामा फैलिएको ढोरपाटन शिकार आरक्षमा पर्ने जलजला पछिल्लो समय पर्यटकको रोजाइमा पर्न थालेको छ ।

परिवारसहित गत हप्ता ढोरपाटन घुम्न गएका बेनीका मिलन खत्रीको टोली हिमशृङ्खला अवलोकनका लागि जलजलामा पुगेर फर्कनुभयो । "शान्त वातावरणमा, छिनछिनमा परिवर्तन हुने मौसम, शीतल हावापानी, पशु गोठहरूमा रमाउन पाउँदा समय बितेको पत्तै नहुँदोरहेछ", उहाँले भन्नुभयो, "समथर फाँटमा बसेर आँखै अगाडि देखिने हिमालको लर्कनले चित्रकारले कोरेको क्यानभासको आभास गरायो ।"

समुद्री सतहबाट तीन हजार चार सय २० मिटर उचाइमा रहेको जलजलाबाट सिस्ने, पुथा, गुर्जा, मानापाथी, धवलागिरि, निलगिरि, अन्नपूर्ण, माछापुच्छे र मनास्लु हिमाल र सूर्योदयको दृश्यावलोकन गर्न सकिन्छ । बर्खायाममा पशुगोठ, वन्यजन्तु, समथर फाँट, पहाडी भूगोल, वनजङ्गल, वसन्त ऋतुमा गुराँसे जङ्गलको अवलोकन गर्न पाउनु यहाँको अर्को विषेशता हो । जलजलामा रहेको 'गोठस्टे'का सञ्चालक फुलबहादुर विश्वकर्माले दैनिकजसो पर्यटकहरू आउने गरेका बताउनुभयो । "ढोरपाटन घुम्न आउने आन्तरिक पर्यटक हिमालको दृश्यावलोकनका लागि जलजला आउने गर्नुहुन्छ", उहाँले भन्नुभयो, "दसैं-तिहारको बिदा र घुमघामको अनुकूल मौसम भएकाले पर्यटकलाई बसोबासको व्यवस्था मिलाउन धौधौ भएको छ ।"

गुरिल्ला र म्याग्दी हुँदै डोल्पा जाने पदमार्गमा पर्ने जलजलामा बस्ती, होटल र रेष्टुरेन्ट छैन । म्याग्दीको लुलाङका विकले गोठमा पाहुनालाई खाना खुवाउने र बसोबासको व्यवस्था मिलाउँदै आउनुभएको छ । च्याउ, टुसाका परिकार, ढकायोको सागको अचार, गाईभैंसीको दूध, दही, भेडा र खसीको मासु गोठस्टेका परिकार हुन् । क्याम्पिङ गर्ने पर्यटकले आफैं बन्दोबस्तीको सामान लगेर जानुपर्छ । हिजोआज दैनिक २० देखि ५० जनासम्म पर्यटक आउने गरेका विकले बताउनुभयो । ढोरपाटनको पाखाथरबाट जलजलासम्म पुग्न कच्ची सडकमा जिप र मोटरसाइकलमा करिब एक घण्टा तीन मिनेट यात्रा गर्नुपर्छ । पैदलयात्रा गर्न पाँचदेखि छ घण्टा लाग्छ । बेनीबाट धवलागिरि गाउँपालिकाको केन्द्र मुना हुँदै खोरियासम्म गाडी र त्यहाँदेखि पाँच घण्टा उकालो यात्रा गरेपछि जलजला पुगिन्छ । जलजला धवलागिरि गाउँपालिकाको मुना, दर, फलियागाउँ, लुलाङ, लमसुङ, खोरिया र मरेनीका बासिन्दाको चरन क्षेत्र हो । ढोरपाटन सिकार आरक्षका रेञ्जर सुवेदीले जलजला ढोरपाटन घुम्न आउनेहरूका लागि 'भ्यू प्वाइन्ट'का रूपमा विकास भएको बताउनुभयो । उहाँका अनुसार चालु आर्थिक वर्षको साउनदेखि असोजसम्म पाँच हजार दुई सय चार जना पर्यटकले ढोरपाटन भ्रमण गरेका छन् । धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले जलजलालाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न पूर्वाधार निर्माणका साथै प्रचारप्रसारमा जोड दिएको बताउनुभयो । बागलुङतर्फबाट सडकले जोडिएको जलजलामा म्याग्दीतर्फबाट जिल्लाकै प्राथमिकताप्राप्त आयोजना सञ्चालन भएको उहाँले बताउनुभयो ।

# एउटै नदीमा पाँच जलविद्युत् आयोजना

पोखरापत्र संवाददाता
म्याग्दी, १३ कार्तिक

जिल्लाको रघुगङ्गा गाउँपालिमा एक सय ६७ दशमलव तीन मेगावाट क्षमताको पाँच वटा जलविद्युत् आयोजना निर्माणको अन्तिम चरणमा पुगेका छन् ।

संसारको सातौं (८,१६७ मिटर) अग्लो धवलागिरि हिमालको फेदीमा मुहान रहेको राहुघाट र सहायक नदीमा निर्माणाधीन आयोजनाले एकैसाथ विद्युत् उत्पादनको तयारी गरेका हुन् । तीन वटा आयोजनाको भौतिक प्रगति ८० प्रतिशतभन्दा बढी रहेको रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार ५० प्रतिशत निर्माण सकिएको २२.५ मेगावाट क्षमताको ठूलोखोला जलविद्युत् आयोजनाले पनि आगामी एक वर्षभित्र विद्युत् उत्पादनको तयारी गरेको छ ।

"८५ प्रतिशतभन्दा बढी भौतिक प्रगति भएको ४८ मेगावाट क्षमताको अपर राहुघाट, ३७.५ मेगावाट क्षमताको मङ्गले राहुघाट र २१.३ मेगावाटको ठूलोखोला जलविद्युत् आयोजना एकैसाथ सम्पन्न हुने चरणमा छन्", अध्यक्ष भडारीले भन्नुभयो, "४० मेगावाट क्षमताको राहुघाट र २२.५ मेगावाट क्षमताको माथिल्लो ठूलोखोलाको निर्माणले पनि गति लिएको छ ।"

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : शुभ यात्रा |
| वृष | : मानसिक तनाब | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# Jaimini Municipality
Kushmisera, Baglung
Gandaki Province, Nepal

## Invitation for Bids

(Date of Publication: 2081-07-14 BS (2024-Oct-30 AD)

1. Jaimini Municipality Office, Kushmisera, Baglung invites electronic bids only from eligible bidders/suppliers for the supply of Medicine and surgical items mentioned in table below under contract.

| S.N. | Name of Procurement | Contract ID | Estimated Amount NRs.(With VAT & PS) | Bid Doc.Fee | Bid Security Amount NRs. |
|---|---|---|---|---|---|
| 1 | Supply of Medicine and Surgical Items | JM/BAGLUNG/NCB/G/M/1/2081/82 | NRs.22,49,953.86 | NRs 3,000 | 57,000 |

2. Addendum (if any), Information on Pre-bid meeting, Letter of Intent, Letter of Acceptance or any other documentation/notification pertaining to this procurement notice and that must be disclosed to the bidders as per prevailing rules and regulation will be uploaded in E-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and also e-mailed to the bidders. So, the bidders must mention in their bids the correct email addresses which are presently in use. No more publication, after this, will be made in National newspaper, whatsoever.
3. For further information visit PPMO's website http://www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

# देवघाटधामको धार्मिक पर्यटन प्रवर्द्धनका लागि गण्डकी परिक्रमा महोत्सव

**रासस**
दमौली, १३ कार्तिक

तनहुँको प्रसिद्ध देवघाटधाम क्षेत्रको धार्मिक पर्यटन प्रवर्द्धनका लागि यहाँ गण्डकी परिक्रमा महोत्सव हुने भएको छ।

यही कात्तिक २९ गते देवघाटधाम गण्डकी परिक्रमा महोत्सव-२०८१ आयोजना गरिएको हो । मध्य नेपालको तनहुँ, चितवन र नवलपुर जिल्लामा फैलिएको पवित्र तीर्थस्थल देवघाटधाम र गण्डकीको सङ्गमको पूर्ण पावन ऊर्जा प्राप्त गर्ने तथा संसारकै दुर्लभ तीर्थ देवघाटधामको धार्मिक महत्व तथा भौतिक विकासलाई सम्वर्द्धन गर्दै वैदिक सनातन धर्म र संस्कृतिको प्रचारप्रसार गर्ने उद्देश्यले परिक्रमा महोत्सव गरिएको महेश संस्कृत गुरुकुल देवघाटका प्रधानाचार्य फणिन्द्रप्रसाद पौडेलले जानकारी दिनुभयो । नेपाल सन्त समाजको आयोजना तथा देवघाट गाउँपालिका र देवघाट क्षेत्र विकास समितिको सहयोगमा हुने सो महोत्सवको तयारी बैठकमा नेपाल सन्त समाजका अध्यक्ष एवं हरिहर सन्यास आश्रम देवघाटधामका पिठाधीश श्री ज्ञानानन्द सरस्वती, महेश सन्यास आश्रमका पिठाधिश रमणानन्द गिरीको विशेष उपस्थिति थियो । देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले देवघाटधाम गण्डकी परिक्रमा महोत्सवले देवघाटको धार्मिक पर्यटनको प्रवर्द्धन हुने विश्वास व्यक्त गर्नुभयो ।

देवघाट क्षेत्र विकास समितिका कार्यकारी निर्देशक सदन बराल, गाउँपालिकाका प्रवक्ता एवं वडा नं ५ का अध्यक्ष पूर्णबहादुर कुँवर, नेपाल सन्त समाजका महासचिव तथा नेपाल संस्कृत विश्वविद्यालयका प्राडा गुरुप्रसाद सुवेदी, योगी नरहरिनाथ गौ संरक्षण केन्द्र बागेश्वरीका अध्यक्ष नवराज ढकाल, देवघाट क्षेत्र विकास समितिका पूर्व अध्यक्ष बद्री अधिकारीलगायतले देवघाटधाम गण्डकी परिक्रमा महोत्सव सफल बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । कात्तिक २९ गते बिहान ७ बजे देवघाटधामको वेणी सङ्गमबाट सुरु हुने उक्त गण्डकी परिक्रमा अन्तर्गत तनहुँतर्फ पशुपतिनाथ मन्दिर, गङ्गा मन्दिर, अघोर आश्रम, गलेश्वर आश्रम (सिद्धेश्वर मन्दिर), दुर्गा पञ्चायन मन्दिर, चक्रवर्ती आश्रम (मणिमुकुन्देश्वर मन्दिर), महेश सन्यास आश्रम (विद्येश्वर मन्दिर), अभय सन्यास आश्रम (रामेश्वर मन्दिर), हरिहर सन्यास आश्रम (हरिहर मन्दिर), राम मन्दर, लक्ष्मीनारायण मन्दिर, देवघाट पुलको मुख (गणेश मन्दिर, केदारेश्वर मन्दिर र बद्रिनाथ मन्दिर) को परिक्रमा गरिनेछ । यस्तै चितवनतर्फ देवघाट बसपार्कको सङ्कल्पेश्वर हनुमान मन्दिर, छेदेन थर्वालिङ गुम्बा, विश्वशान्ति यज्ञशाला मन्दिर, राम मन्दिर, राधाकृष्ण मन्दिर, लक्ष्मीनारायण मन्दिर, सीताराम संस्कृत मावि, कन्या गुरुकुल, धर्मदर्शन आश्रम, योगी नरहरीनाथ गौशाला बागेश्वरी मन्दिर, आँपटारी दियालो बङ्गाल चोक, गणेशस्थान, बौद्ध गुम्बा बसेनी, गौरेश्वर शिव मन्दिर पोखराबसर्पार्क, राजयोग सेवा केन्द्र नारायणगढ, हरिहर मन्दिर नारायणगढ, श्रीराम मन्दिर पुल्चोकको परिक्रमा गरिनेछ।

नवलपुरतर्फ गैंडाकोट पुलचोकको गोपेश्वर महादेव मन्दिर, मौलाकालिका भगवती मन्दिर, वेदविद्याश्रम, सुकदेव भागवताश्रम, श्रीनिम्बाकाचार्य दर्शन केन्द्र, श्रीलक्ष्मीनृसिंह दिव्यधाम मन्दिर, बेसक्याम्प, केलादी क्षेत्र र हर्दी हुँदै पुनः तनहुँको देवपुरको साँढेबगर बौद्ध गुम्बा, भुबराह मन्दिर हुँदै मणिमुकुन्देश्वर चक्रवर्ती आश्रममा आई समापन हुने कार्यक्रम रहेको महेश संस्कृत गुरुकुल देवघाटका प्रधानाचार्य फणिन्द्रप्रसाद पौडेलले जानकारी दिनुभयो । उक्त महोत्सवमा देवघाटधामको पूर्ण परिक्रमा, सिद्ध हरिहर क्षेत्रको भ्रमण, प्रसिद्ध मौलाकाली भगततीको दर्शन, पवित्र नदीहरूको दर्शन, धार्मिक नगरी नारायणगढको भ्रमण, रमणीय पर्वतको परिक्रमा गर्दै बैदिक सनातन धर्म र संस्कृतिको प्रबर्द्धन र प्रचारप्रसारको मुख्य कार्यक्रम रहेको छ।

# पोखराबाट काठमाडौं सिल्पर बस सेवा

**पोखरापत्र संवाददाता**
पोखरा, १३ कार्तिक

पोखरा काठमाण्डौं रुटमा विभिन्न कम्पनीहरुले स्तरिय बस सेवा संचालन गर्दै आएको सन्र्दभमा पछिल्लो समयमा सुतेरै पनि यात्रा गर्न सकिने बस सेवा संचालन भएको छ।

कोइली ट्राभल्स प्रालिले पोखरा २५ हेम्जादेखि काठमाण्डौंको भक्तपुरसम्म सञ्चालन हुनेगरी थप दुई सिल्पर बस (सुतेर यात्रा गर्न मिल्ने बस) रहेको जसमा एसीसहित सोफा सिट जडान गरिएको कोइली ट्राभल्स प्रालिका सञ्चालक मेघराज त्रिपाठीले बताउनु भयो।

सोमबार पोखरा जिरोकिलोमिटरबाट सुरु भएको डेमो हेमजा सम्म गरिएको थियो भने मंगलबारबाट व्यवसायीक रुपमा संचालन हुने भएको उहाँले बताउनु भयो । बसमा ८ वटा सिटमा सुतेर यात्रा गर्न सकिने भएको छ भने १६ वटा सोफा सहितको सुविधायुक्त सिट रहेका छन् । उक्त बसमा यात्रुले खाजा, पानी र चियाको समेत सेवा प्राप्त गर्नुहुने भएको कोइली ट्रभल्स प्रालिका अर्का सञ्चालक अशोक कुमार चौधरीले बताउनु भयो । उक्त बस सेवाको यात्रा गर्दा यात्रुले एक हजार ६ सय रुपैयाँ भाडा तिर्नुपर्ने छ। उक्त बस सेवा पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनी अन्तर्गत संचालन हुने भएको हो। कोइली ट्राभल्स प्रालिले दुई करोड लगानीमा भित्राएको दुई वटा बस सेवा संचालनमा ल्याएको हो।

यसैबिच, सोमबार उक्त बस सेवाको पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनीका संरक्षक केशव प्रसाद अधिकारीले उद्घाटन गर्नु भएको थियो । बस सेवाको सुभारम्भ गर्दै उहाँले अव यात्रुले पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनीमा आवद्ध बसहरुमा यात्रुले चाहे अनुसारको बस सेवा लिन सक्ने सुविधा प्राप्त भएको दाबी गर्नु भयो । वर्तमान जटिल अवस्थामा समेत पृथ्वीराजमार्ग बस सञ्चालक कम्पनी प्रति विश्वास गरी व्यवसायीले लगानी गर्नु निजी क्षेत्रको लागि ठुलो उपलब्धि भएको उहाँले जनाउनु भयो । सुविधायुक्त बाटोघाटो र व्यवसायीक वातावरण राज्यले बनाउनुपर्नेमा उहाँले माग गर्नु भयो । पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनीका अध्यक्ष योगेन्द्र बहादुर केसीले पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनी मार्फत सुविधायुक्त बस थपिने क्रम जारी रहेको बताउनु भयो । अब देशभर प्राप्त हुने क्रम जारी रहेको जानकारी दिए । वर्तमान अवस्थामा पनि भविष्यको आसाले व्यवसायीले लगानी गरेको उहाँले जनाउनु भयो। प्रालि अर्न्तगत हाल ५० भन्दा बढी बस सेवा संचालन भएको अब बिस्तारी सुविधा सम्पन्न बसहरु नै थप्ने क्रम जारी रहेको उहाँले बताउनु भयो । यात्रुको सुविधा र व्यवसायीक हितका लागि आफुहरुले निरन्तर लागि रहेको अध्यक्ष केसीले उल्लेख गर्नु भयो। पोखरा काठमाण्डौं रुटमा खाजा, खाना, चिया, चिसो सहितको सेवामा २५ सय सम्मको शोभा बस सेवा संचालन भएको छ।


## वालिङ बहुमुखी क्याम्पस
## वालिङ, स्याङ्जा

## आवश्यकता सम्बन्धी सूचना

यस क्याम्पसमा रिक्त रहेका विभिन्न पदहरु पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ।

| विज्ञापन नं. | पद | सेवा | संख्या | योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| ०१/०८१/०८२ | सहायक प्राध्यापक | करार | १ | – मान्यता प्राप्त शैक्षिक संस्थाबाट व्यवस्थापन सङ्काय अन्तर्गत वित्तशास्त्र विषयमा कम्तिमा दोस्रो श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको | एम.फिल., पि.एच.डी तथा अनुभवीलाई प्राथमिकतामा राखिने छ। |
| ०२/०८१/०८२ | लेखा अधिकृत (तृतीय) | करार | १ | – मान्यता प्राप्त शैक्षिक संस्थाबाट व्यवस्थापन सङ्कायमा कम्तिमा स्नातक तह उत्तीर्ण र कम्प्युटरमा डिप्लोमा उत्तीर्ण गरेको | लेखा विषय अध्ययन गरेको र लेखा सम्बन्धी कामको अनुभव भएकोलाई प्राथमिकता दिइने छ। |

१. उमेर : ४५ वर्ष ननाघेको
२. आवश्यक कागजात : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, एस.एल.सी. देखि सम्बन्धित तह उत्तीर्ण गरेको शैक्षिक प्रमाण–पत्रको प्रमाणित प्रतिलिपि निवेदन साथ पेश गर्नुपर्ने छ।
३. निवेदनको अन्तिम म्याद : २०८१ कार्तिक २७ गते मंगलबार दिउँसो १२:०० बजेसम्म।
४. निवेदन शुल्क : रु. २०००/– (दुई हजार रुपैयाँ मात्र)
५. परीक्षाको किसिम : अन्तर्वार्ता र प्रयोगात्मक
६. तलब स्केल : क्याम्पसको नियमानुसार
७. थप जानकारीको लागि सम्पर्क : ९८५६०७१२१७

*नोट : रीत नपुगेको निवेदन उपर कुनै कारवाही हुने छैन।*

**प्राध्यापक तथा कर्मचारी**
**छनोट उपसमिति**


# मह बेचेर वार्षिक १२ लाख बढी आम्दानी

**रासस**
बागलुङ, १३ कार्तिक

जिल्लाको जैमिनी नगरपालिका-७ जैदी धुल्लुका ७४ वर्षीय मोहराज उपाध्यायले ३१ र्वर्षदेखि निरन्तर मौरीपालन व्यवसाय गर्दै आउनुभएको छ । मौरीपालनबाट उहाँले वार्षिक रु १२ देखि रु १५ लाखसम्म आम्दनी गरिरहनुभएको छ।

घर्कंदो उमेरमा पनि उहाँ हट्टाकट्टा देखिनुहुन्छ । काम गर्ने जोस जाँगर पनि उहाँमा युवाको जत्तिकै छ। उपाध्यायको घरका बार्दली र बारीका छेउ मौरीका घारैघारले भरिएका छन् । मौरीको घुनुघुनु आवाजसँगै सुरु हुने उपाध्यायको दैनिकी बारीमा काम गरेर बित्ने गरेको छ।

उपाध्यायका अनुसार बार्दली र बारीमा गरी हाल दुई सय बढी घरमा मौरी छन् । वैदेशिक रोजगारीमा जान असफल भएपछि उहाँले विसं २०५० देखि व्यावसायिक रुपमा मौरीपालन गर्न थाल्नुभएको हो । तीन दशक मौरीपालन गर्नुभएका उपाध्यायले हाल सुन्तला, ड्रागन र कागतीखेती समेत गर्न थालेको बताउनुभयो । उहाँको बारीमा पुग्दा फलफूलसँगै अदुवा, लटरम्म फलेका गोलभैँडा र तरकारी फलेका देख्न सकिन्छ । उहाँले सुन्तलका तीन सय र कागतीका एक सय ५० बोट लगाउनुभएको छ । ती बिरुवाले विस्तारै फल दिन थालेको उहाँले बताउनुभयो । जैमिनी क्षेत्रमा अगुवा मौरीपालक कृषकका रुपमा परिचित उपाध्यायले फलफूल र तरकारी बिक्री गरी लाखौँ आम्दानी गर्दै आउनुभएको छ। उहाँ अगुवा कृषकमात्र नभई कृषकका प्रशिक्षक पनि हुनुहुन्छ । आफूले जानेको ज्ञान सीपलाई किसानमाझ पुर्‍याउँदा उनीहरुलाई सहयोग पुग्ने उपाध्यायले विश्वास व्यक्त गर्नुभयो । वर्षमा १२ क्विन्टल मह बिक्री गर्ने बताउँदै उहाँले सबै खर्च कटाएर रु १२ देखि रु १५ लाखसम्म आम्दानी हुँदै आएको जानकारी दिनुभयो।

"विदेश जानका लागि धेरै प्रयास गरेँ, सफल हुन सकेन, त्यसपछि मौरीपालनतर्फ लागेँ", उपाध्यायले भन्नुभयो, "मैले मौरी पाल्नका लागि तालिम पनि लिएको छु, धेरै ज्ञान बटुलेको छु, २७ वटा समूहलाई तालिम पनि दिइसकेको छु। कैयौँ किसानले फोनबाट पनि सोधपुछ गर्नुहुन्छ।" मह प्रतिकेजी रु एक हजार तीन सयमा बिक्री हुने भन्दै घरबाटै बिक्री हुने भएकाले बजारीकरणको समस्या नभएको उहाँले बताउनुभयो।

महको माग निकै बढेको हुँदा पुर्‍याउन नसकेको उपाध्यायको भनाइ छ । कहिलेकाहीँ रोग लाग्ने, आहारको कमी हुनेलगायत समस्या हुने उहाँको भोगाइ छ । मौरीपालनका लागि धेरै शारीरिक श्रम नचाहिने भएकाले सजिलो पेसा मन्ने उहाँले पहाडी क्षेत्र मौरीपालनका उपयुक्त हुने धारणा राख्नुभयो । उपाध्यायले भन्नुभयो, "विसं २०४८ तिर मौरीपालनसम्बन्धी तालिम लिएँ, त्यसपछि व्यावसायिक रुपमा पाल्न थालेको हुँ अहिलेसम्म पाल्दै आएको छु । महको माग बढी भएकाले पुर्‍याउन सकिरहेका छैनौँ ।" युवा विदेश जानुभन्दा स्थानीय सरकारको सहयोगमा स्वरोजगार मूलक काममा लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो । जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले गाउँमा बसेर व्यावसायिक कृषि गर्ने किसानलाई नगरपालिकाले प्रोहोत्सान गर्ने कार्यक्रम सञ्चालन गरिरहेको बताउनुभयो। किसानलाई आवश्यक अनुदान, मल, बीउ, तालिम र प्राविधिक सहयोग गर्दै आएको उहाँले उल्लेख गर्नुभयो । पछिल्लो समय गाउँमै व्यवसाय गर्नतर्फ धेरैले चासो देखाएको भन्दै नगरपालिकाले कृषकमुखी कार्यक्रम ल्याउने योजना बनाइरहेको उपप्रमुख शर्माले बताउनुभयो।


## नेपाल सरकार
## गृह मन्त्रालय
## इलाका प्रहरी कार्यालय
## चापाकोट, स्याङ्जा

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८१।०७।१४**

**यस कार्यालयबाट मिति २०८१।०७/०७ गते E–Bidding मार्फत प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन समितिद्धारा मूल्याङ्कन हुँदा तपसिल बमोजिमको निर्माण कार्यको लागि देहायमा उल्लेखित बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरीद (संशोधन सहित) ऐन २०६३ को दफा २७ (०१) अनुसारको कारबाही एवम् दफा २७ (०२) को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना जारी गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।**

| S. N. | IFB No: | Description of Work | Bidder's Name | Bid Price Rs. (With VAT & PS) |
|---|---|---|---|---|
| 1 | SB/NCB/REG/CHAPAKOT/081/82 | Construction of First and Second floor Extension works of Barrack Building | Grahaun Construction Chapakot-01,Syangja | 36,93,068.83 |



## Galyang Municipality
## Office of The Municipal Executive
Galyang, Syangja
Gandaki Province, Nepal

## Invitation for Bids (IFB)

for
Supply and Delivery of Stationery and Miscellaneous items for Galyang Municipality
IFB NO:05/2081-82
First Date of Publication: 2024/10/30 (2081/07/14)

1. Galyang Municipality invites electronic bids from eligible bidders for Supply and Delivery of Stationery and Miscellaneous items for Galyang Municipality under sealed quotation.

| S. N. | Contract No. | Description of work | Bid Security Amount NRs | Last Date of Bid Submission | Bid Opening Date and Time | Cost of Bidding Document NRs |
|---|---|---|---|---|---|---|
| 1. | Contract ID: GM/SYA/SQ/GOODS/05/2081/82 | Supply and Delivery of Stationery and Miscellaneous items for Municipality Galyang | 21,000 | 13/11/2024 12.00 Hours | 13/11/2024 14.00 Hours | 1,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Galyang Municipality, Galyang, Syangja, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**